**निर्णय नं १**

नगरपालिका बैठकबाट प्रस्तावित नगरपालिका कार्यालयबाट चालु आ.व. तथा आगामी आ.व. मा सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको बाँडफाँड स्वीकृत गरी सो अनुसार कार्यक्रम कार्यान्वयन गर्ने अधिकार नगरपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

गत आ.व.२०७२।०७३ को यथार्थ,चालु आ.व.२०७३।०७४ को संशोधित तथा आगामी आ.व.२०७४।०७५ को लागि यस नगरपालिकाको अनुमानित आय व्यय, बजेट कार्यक्रमगत योजना तथा बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरुको १५ प्रतिशत नगदै धरौटी स्वरुप अनिवार्य रुपमा न.पा.मा जम्मा गरेपछि मात्र योजना कार्यान्वय गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ४**

यस नगरपालिकाको राजस्व परामर्श समितिको निर्णय अनुसार नगरपालिकाको आन्तरिक आय राजस्व र करका संलग्न भए अनुसार दररेट स्वीकृत गरियो र उक्त दररेट मिति २०७४/०७५ देखि लागु गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ५.**

आ.व. २०७१।०७२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरि पारित गरियो साथै गत आ.व. २०७२।०७३ को लेखा परिक्षकको नियुक्ति गर्ने अधिकार नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

नगरपालिकाको कार्य सम्पादनलाई नियमित गर्न स्थानिय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ को परिधि भित्र रही अर्को नगरपरिषद् नभए सम्मको लागि यस परिषद्मा रहेको देहायको अधिकारहरु नगरपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

- नगरपालिकालाई प्राप्त हुने शसर्त तथा निशर्त अनुदान लगायतका अन्य श्रोतहरु र नगरपालिकाको कोष अन्तर्गतको पुँजिगत खर्च तथा कार्यक्रमहरुमा विनियोजित रकम अनुसार योजना छनौट, संशोधन एवम् वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।
- नगरपालिका अन्तर्गत प्राप्त हुने अख्तियारी अनुसार कार्यक्रम र आयोजनाहरको वार्षिक संशोधन र परिमार्जन गर्ने ।
- नगरपालिकामा लगाइने कर, दस्तुर, शुल्क तथा बिक्री आदीको दर र विभिन्न आन्तरिक आयको ठेक्काको ठेक्का अंक रकम स्वीकृत, संशोधन तथा परिमार्जन गर्ने ।
- नगरपालिकाको कार्यसम्पादनको शिलसिलामा आवश्यक पर्ने अन्य प्रशासनिक अधिकारहरु प्रयोग गर्ने ।

**निर्णय नं ७**

सहभागीमुलक पद्धतिमा बस्ती हुँदै वडा भेला आएका एकिकृत योजना तर्जुमा समितिमा पेश भएका तर श्रोतका अभावले गर्दा वार्षिक नगर विकास योजनामा समावेश हुन नसकेका योजनाहरु प्राथमिकताको आधारमा जिल्ला स्तरिय तथा केन्द्रिय स्तरमा माग तथा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

**नगरपालिकाले सम्पादन गरेको विविध विकास गतिविधिहरु नागरिक समक्ष जानकारी गराउन त्रैमासिक बुलेटिन, पुस्तिका, नगर सुचना तथा अभिलेख केन्द्रबाट नियमित रुपमा प्रकाशन गर्ने निर्णय गरियो ।**

**निर्णय नं ९**

**यस नगरपालिकाबाट सम्पादन हुने विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहका सम्वन्धमा सार्वजनिक सुनुवाई तथा सार्वजनिक परिक्षणको प्रतिवेदन माथि छलफल गर्दै देखिएका समस्याहरु हल गर्न र सार्वजनिक सुनुवाई तथा सार्वजनिक परिक्षण गर्ने कार्यलाई थप प्रभावकारी बनाउन नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।**

**निर्णय नं १०**

**नगरपालिकाको सन्तुतिल, एकिकृत तथा योजनावद्ध विकासको लागि *Comprehensive Town Development Plan* (समग्र नगर विकास योजना) बनाई लागू गर्ने निर्णय गरियो ।**

**निर्णय नं ११**

**यस नगरपालिकाको देहाय बमोजिमको कर्मचारी दरवन्दी स्वीकृत गर्ने निर्णय गरियो ।**

**२०७३ पौष २६ गतेको नगर पारिषद्बाट स्वीकृत दरवन्दी तथा कार्यरत कर्मचारी सम्बन्धी विवरण**

| क्र.सं. | कर्मचारीको नाम/थर | दर्जा | तह | प्रा/अप्रा | शुरु नियुक्ति मिति | स्थायी/अस्थायी/करार |
|---|---|---|---|---|---|---|
| १ | भिम बहादुर परियार | कार्यकारी अधिकृत | रा.प. तृतीय | अप्रा | २०६८/०५/२८ | स्थायी |
| २ | सन्तोष बोहरा | इन्जिनियर सिभिल | अधिकृत छैठौं | प्रा | २०७२/०८/०१ | स्थायी |
| ३ | रिक्त | इन्जिनियर आर्किटेक्चर | अधिकृत छैठौं | प्रा | | स्थायी |
| ४ | दिपक गजुरेल | लेखापाल | रा.प.अ.नं. प्रथम | अप्रा | २०७२/०५/०५ | स्थायी |
| ५ | अनिल लामिछाने | ना.सु. | सहायक पाँचौं | अप्रा | २०७२/०८/०१ | स्थायी |
| ६ | रिक्त | ना.सु. | सहायक पाँचौं | अप्रा | | स्थायी |
| ७ | रिक्त | ना.सु. | सहायक पाँचौं | अप्रा | | स्थायी |
| ८ | रिक्त | ना.सु. | सहायक पाँचौं | अप्रा | | स्थायी |
| ९ | रिक्त | ना.सु. | सहायक पाँचौं | अप्रा | | स्थायी |
| १० | रिक्त | ना.सु. | सहायक पाँचौं | अप्रा | | स्थायी |
| ११ | रिक्त | ना.सु. | सहायक पाँचौं | अप्रा | | स्थायी |
| १२ | सुदर्शन पहेली | खरिदार | सहायक चौथो | अप्रा | २०६१/०५/०१ | स्थायी |
| १३ | प्रकाश कुमार | खरिदार | सहायक चौथो | अप्रा | २०६४/०९/३० | स्थायी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लामा | | | | | |
| १४ | डोल्मा लामा | **खरिदार** | **सहायक चौथो** | **अप्रा** | **२०७२/०८/०१** | **स्थायी** |
| १५ | दिनेश महर्जन | **खरिदार** | **सहायक चौथो** | **अप्रा** | **२०७२/०८/०१** | **स्थायी** |
| १६ | पाल्साङ लामा | **खरिदार** | **सहायक चौथो** | **अप्रा** | **२०७२/११/०२** | **स्थायी** |
| १७ | सुनिल लामिछाने | **खरिदार** | **सहायक चौथो** | **अप्रा** | **२०७२/११/०२** | **स्थायी** |
| १८ | रिक्त | **खरिदार** | **सहायक चौथो** | **अप्रा** | | **स्थायी** |
| १९ | रिक्त | **खरिदार** | **सहायक चौथो** | **अप्रा** | | **स्थायी** |
| २० | नवराज रोकाय | **स.ई सिभिल** | **सहायक पाँचौं** | **प्रा** | **२०७२/०३/३१** | **करार(स्थाय दरवन्दी तर नियुक्त करार)** |
| २१ | रिक्त | **स.ई आर्किटेक्चर** | **सहायक पाँचौं** | **प्रा** | | **स्थायी** |
| २२ | सुकदेव विडारी | **अ.स.इ.** | **सहायक चौथो** | **प्रा** | **२०६४/०९/२९** | **स्थायी** |
| २३ | सुरजकुमार भुजेल | **कम्प्युटर अपरेटर** | **सहायक पाँचौं** | **प्रा** | **२०७१/०८/०६** | **करार** |
| २४ | रिक्त | **अमिन** | **सहायक स्तर चौथो** | **प्रा** | | **स्थायी** |
| २५ | शक्ती कुमार रायमाझी | हे.स.चालक | **श्रेणी विहिन प्रथम** | **प्र** | **२०७२/११/३०** | **करार** |
| २६ | रिक्त | ह.स. | **श्रेणी विहिन प्रथम** | **प्र** | | **करार** |
| २७ | रामदेश श्रेष्ठ | का.स. | **श्रेणी विहिन प्रथम** | **प्र** | **२०६१/०५/०१** | **स्थायी** |
| २८ | बिनोद कार्की | का.स. | **श्रेणी विहिन प्रथम** | **प्र** | **२०७२/०४/०१** | **करार** |
| २९ | तारा बहादुर थापा | का.स. | **श्रेणी विहिन प्रथम** | **प्र** | **२०६८/०१/०१** | **करार** |
| ३० | लोक बहादुर श्रेष्ठ | का.स. | **श्रेणी विहिन प्रथम** | **प्र** | **२०६८/०९/२९** | **करार** |
| ३१ | बिन्दु कुमार श्रेष्ठ | का.स. | **श्रेणी विहिन प्रथम** | | **२०७२/०४/२४** | **करार** |
| ३२ | रिक्त | चौकिदार | | | | |
| ३३ | रिक्त | चौकिदार | | | | |
| ३४ | नानीमैया देउला | स्वीपर | | | | **करार** |
| ३५ | सन्त वहादुर देउला | स्वीपर | | | | **करार** |
| ३६ | रिक्त | स्वीपर | | | | **करार** |

**निर्णय नं १२**

नगरपालिकाको स्वामित्व तथा संरक्षणमा रहेका सार्वजनिक मठ, मन्दिर, गुम्वा, मस्जिद पाटी पौवा, प्राचीन स्मारक ताल तलैया, पोखरी, पार्क पर्ती जग्गा, सार्वजनिक जग्गा, खेलकुद मैदान, देवालय तथा सार्वजनिक सम्पत्तिहरुको अभिलेख तयार गरि सो क्षेत्रको संरक्षण गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १३**

यस नगरपालिकाको काम कार्बाहीलाई व्यवस्थित बनाउन नगरपालिकाको बैठकबाट पारित गरि स्वीकृतका लागि परिषद्को बैठकमा पेश भएका बिनियमावलीहरुलाई मिति २०७३ माघ महिना देखि लागू हुने गरि स्वीकृत गरियो ।

**निर्णय नं १४**

प्रशासनिक खर्चको सीमामा रही आन्तरिक श्रोत तथा नगरपालिका चालु आनुदान बाट दायित्व व्यहोर्ने गरि नगरपालिका कार्यलयकाका लागि वार्षिक रुपमा प्रस्ताव गरिएको कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन, पारिश्रमिक र सुविधा समेत देहाय अनुसार स्वीकृत गरियो ।

cfly§ jif{)&#÷)&$ tnaL k|tj]bg kmf/d

| क्र.सं. | क.सं.नं. | कर्मचारीको नाम थर | सेवा समूह | श्रेणी/तह | शुरु नियुक्ती मिति | हालको पदमा बढुवा/नियुक्तिले मिति | तलब स्केल | | | | ०७३ श्रावण १ मा समायोजित ग्रेड | | | चालु आ.व. ०७३/०७४ मा पाउने ग्रेड रकम | जम्मा ग्रेड रकम | तलबर ग्रेडको जम्मा रकम | ग्रेड वृद्धि हुने मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | शुरु तलब स्केल | ०५७ भन्दा अगाडि नियुक्ति प्राविधिकको तलबमानमा थप रकम (२०७३ असार मसान्तसम्म खाइपाई आएको प्राविधिक ग्रेडको रकम | जम्मा तलब स्केल | ०७३ असार मसान्त सम्म खाइपाई आएको ग्रेड रकम (प्राविधिक ग्रेड बाहेक) | संख्या | दर | जम्मा रकम | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १०=८+९ | ११ | १२ | १३ | १४ | १५ | १६=१४+१५ | १७=१०+ १६ | १८ | १९ |
| १ | १९४८२१ | भिम वहादुर वरियार | प्रशासन/सा.प्र | रा.प.तृ | २०६७/०८/०८ | २०६८/०५/२८ | ३०५०० | | ३०५०० | ९६० | १ | १०१७ | १०१७ | १०१७ | २०३४ | ३२५३४ | असोज | |
| २ | १९७२६९ | दिपक गजुरेल | प्रशासन/सलेखा | रा.प अनं प्रथम | २०६७/१२/२८ | २०७२/०२/०५ | २३५०० | | २३५०० | २४० | १ | ७८३ | ७८३ | ७८३ | १५६६ | २५०६६ | जेठ | |
| ३ | | सन्तोष वोहरा | ईनिजिनियरिङ/प्रा. | अधिकेत छौठौ | २०७२।०२।०१ | २०७२।०२।०१ | ३०५०० | ० | ३०५०० | ० | ० | ० | ० | १०१७ | १०१७ | ३५११७ | मंसिर | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | | अनिल लामिछाने | प्रशासन / | सहायक पाचौ | २०७२।०८।०१ | २०७२।०८।०१ | २३५०० | ० | २३५०० | ० | ० | ७८३ | ७८३ | ७८३ | ७८३ | २४२८३ | मंसिर | |
| ५ | | सुर्दशन पहेलि | प्रशासन / | सहायक चौथो | २०६१।०४।०१ | २०६१।०४।०१ | २२१७० | ० | २२१७० | १५४० | २ | ७३९ | १४७८ | ७८३ | २२१७ | २४२८३ | श्रावण | |
| ६ | | पैकाश कुमार लामा | प्रशासन / | सहायक चौथो | २०६१।०४।०१ | २०६१।०४।०१ | २२१७० | ० | २२१७० | ६६० | १ | ७३९ | ७३९ | ७३९ | १४७८ | २३६४८ | माघ | |
| ७ | | सुकदेव विडारी | ईनिजिनियरिङ/प्रा. | सहायक चौथो | २०६१।०९।२९ | २०६१।०९।२९ | २२१७० | ० | २२१७० | ६६० | १ | ७३९ | ७३९ | ७३९ | १४७८ | २३६४८ | माघ | |
| ८ | | डोल्मा लामा | प्रशासन / | सहायक चौथो | २०७२।०८।०१ | २०७२।०८।०१ | २२१७० | ० | २२१७० | ० | ० | ० | ० | ७३९ | ७३९ | २२९०९ | मंसिर | |
| ९ | | दिनेश मर्हजन | प्रशासन / | सहायक चौथो | २०७२।०८।०१ | २०७२।०८।०१ | २२१७० | ० | २२१७० | ० | ० | ० | ० | ७३९ | ७३९ | २२९०९ | मंसिर | |
| १० | | पाल्साङ लामा | प्रशासन / | सहायक चौथो | २०७२।११।०२ | २०७२।११।०२ | २२१७० | ० | २२१७० | ० | ० | ० | ० | ७३९ | ७३९ | २२९०९ | फागुन | |
| ११ | | सुनिल लामिछाने | प्रशासन / | सहायक चौथो | २०७२।११।०२ | २०७२।११।०२ | २२१७० | ० | २२१७० | ० | ० | ० | ० | ७३९ | ७३९ | २२९०९ | फागुन | |
| १२ | | रामदेश श्रेष्ठ | प्रशासन / | का.स | २०६१।०४।०१ | २०६१।०४।०१ | १६५८० | ० | १६५८० | १४४० | ३ | ५५३ | ५५३ | १६५९ | २२१२ | १८७९२ | फागुन | |

**करार सेवामा कार्यरत कर्मचारी**

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१३** | | **नवराज रोकाय** | **प्रा.** | **सव इं** | | | २३५०० | ० | २३५०० | | ० | ० | ० | ० | ० | २३५०० |
| **१४** | | **सुरज कुमार भुजेल** | **प्रा.** | **क.अ.** | | | २३५०० | ० | २३५०० | | ० | ० | ० | ० | ० | २३५०० |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | | शक्तीकुमार रायमाझी | प्रशासन | स.चा. | | | १९८६२ | ० | १९८६२ | | | | | | | १९८६२ |
| १६ | | तारा बहादुर थापा | प्रशासन | का.स. | | | १०००० | ० | १०००० | | | | | | | १०००० |
| १७ | | बिनोद कार्की | प्रशासन | का.स. | | | १०००० | ० | १०००० | | | | | | | १०००० |
| १८ | | लोक बहादुर श्रेष्ठ | प्रशासन | का.स. | | | १०००० | ० | १०००० | | | | | | | १०००० |
| १९ | | बिन्दु कुमार श्रेष्ठ | प्रशासन | का.स. | | | १०००० | ० | १०००० | | | | | | | १०००० |

**निर्णय नं १५**
स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१५ को उपनियम १ क (ख) बमोजिम गठित पदपुर्ति समितिको प्रतिवेदन छलफल सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं १६**
यस नगरपालिकामा बाल मैत्री स्थानिय शासन अवलम्वन गरी २०७५ साल भित्र बाल मैत्री नगरपालिका घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं १७**
यस नगरपालिकामा पुर्वाधार विकास योजना संचालन गर्दा दीगो, गुणस्तरीय र वातावरण मैत्री पक्षमा जोड दिने निर्णय गरियो ।

**निर्णय नं १८**
यस नगरपालिका भित्र संचालन गरिने प्रत्येक आयोजनाको सम्वन्धित कार्यान्वयनकर्ताले आयोजना स्थलमा नै सार्वजनिक परिक्षण गरेपछि मात्र अन्तिम किस्ता भुक्तानी दिन तथा सामाजिक परिक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम संचालनका लागि स्थानिय योग्य व्यक्ति वा संस्था छनौट गरी कार्यक्रम संचालन गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १९**
नगरपालिकामा शुसान कायम गर्नको लागि वित्तिय शुसासन जोखिम न्युनिकरण कार्ययोजना बनाई लागु गर्न र वार्षिक रुपमा शुसासन प्रतिवेदन तयार गर्ने नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २०**
यस नगरपालिकामा संचालन हुने आन्तरिक क्षमता विकास तालिम, गोष्ठि, कार्यशाला, अभिमुखिकरण कार्यक्रम, सेमिनार तथा उपभोक्ता समितिलाई दिने तालिम लगायत विभिन्न अन्य सभा सम्मेलन संचालनको लागि निम्न बमोजिमको खर्च मापदण्ड स्वीकृत गरियो ।

| क्र.सं. | खर्च क्षेत्र | इकाई | दर रु. | सीमा |
|---|---|---|---|---|
| १ | स्रोत व्यक्तिको पारिश्रमिक कार्यालय बाहिरबाट स्रोत व्यक्ति | प्रति व्यक्ति डेढ घण्टा | २०००।– | स्रोत सामागी रु २५०० सहित |
| २ | स्रोत व्यक्तिको पारिश्रमिक कार्यालय भित्र | प्रति व्यक्ति डेढ घण्टा | १५००।– | स्रोत सामागी रु २००० सहित |
| ३ | सहजकर्ता पारिश्रमिक प्रति सेसन | प्रति सेसन | ५००।– | एक कार्यक्रमका लागि एक जनामात्र |
| ४ | खाजा खर्च | प्रति व्यक्ति प्रति दिन | १००।– | दिनको एक पटक मात्र |
| ५ | खाना खर्च | प्रति व्यक्ति प्रति दिन | २००।– | दिनको एक पटक मात्र |
| ६ | चिया खर्च | प्रति व्यक्ति | ५०।– | दिनको दुई पटकसम्म |

| | | | | |
|---|---|---|---|---|
| ७ | सहभागी स्टेशनरी | प्रतिव्यक्ति प्रति तालिम | १००।- | डट्पेन,कापी र अन्य |
| ८ | तालिम स्टेसनरी | प्रति तालिम | आवश्यकता अनुसार | मार्कर वोर्ड पेन आदि |
| ९ | व्यवसायिक तालिम गर्दा प्रति सहभागी | प्रति व्यक्ति प्रति दिन | १५०।- | खान बस्न सहित |
| १० | उद्घाटन खर्च | प्रति तालिम | २०००।- | आवश्यकता अनुसार |
| ११ | समापन खर्च | प्रति तालिम | २०००।- | आवश्यकता अनुसार |
| ११ | प्रतिवेदन लेखन खर्च नेपालीमा | प्रति तालिम | २००० देखि ४००० सम्म | १ जना मात्र |
| १२. | टिप्पणी कर्ता प्रति | | ७००।- | |
| १३. | सहयोगी भत्ता | प्रतिदिन | ३५०।- | |
| १४. | कर्मचारी दैनिक भ्रमण भत्ता नियमानुसार | | | |
| १५. | कार्यक्रम संयोजक भत्ता | एकमुस्ट | १०००।- | |
| १६. | सहभागी यातायात खर्च | दैनिक | २५०।— | |
| १७. | विभिन्न समिति भत्ता | प्रति वैठक | ५००।- | |
| १८. | मूल्यांकन समितिको वैठक भत्ता | प्रति वैठक | १०००।- | |

**निर्णय नं २१**

यस नगरपालिका र साविक गाविस कार्यालयबाट पेश्कि लिई हालसम्म पनि पेश्कि फर्छ्यौट नगर्ने अन्तिम लेखापरिक्षण प्रतिवेदनमा उल्लेख भएका व्यक्ति, संघ, संस्थाहरुलाई अभिलम्ब पेश्कि फर्छ्यौट गर्न, कारवाही गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २२**

यस नगरपालिका क्षेत्रमा गर्नु पर्ने विकास निर्माण कार्यको लागि उपभोक्ता समिति तथा अन्य गैरसरकारी संघ संस्थाहरुलाई प्रोत्साहन गरि यथासम्भव त्यस्ता समूह वा संस्था मार्फत काम गर्न गराउन नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २३**

गत आ.व.को नगरपरिषद २०७२ पौष २७ गते देखि यस नगरपरिषद् हुनु अघि चा.लु आ.व.को मिति २०७३ पौष २५ गते सम्म थाहा नगरपालिकाको बोर्ड बैठक तथा सर्वदलित संयन्त्रको बैठकबाट भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गरियो ।

**निर्णय नं २४**

यस थाहा नगरपालिका क्षेत्रभित्र रहेका देहाय बमोजिमको सडकहरुको क्षेत्रधिकार देहाय बमोजिम कायम हुने गरि स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | सडकको स्तर | न्यूनतम क्षेत्राधिकार | कैफियत |
|---|---|---|---|
| १. | 'क' वर्गको सडक | १४ मिटर | |

| | | | |
|---|---|---|---|
| २. | 'ख' वर्गको सडक | १० मिटर | |
| ३. | 'ग' वर्गको सडक | ६ मिटर | |
| ४. | चक्रपथमा पर्ने सडक | १० मिटर | |

**निर्णय नं २५**

नेपाल सरकारको राष्ट्रिय निती तथा कार्यक्रम (OVOP) एक गाऊ एक उत्पादन अनुसार यस थाहा नगरपालिकालाई आलु उत्पादन नगरको रुपमा प्रवर्द्धन गरि आगामी दिनमा सोहि अनुसार कार्यक्रम तर्जुमा कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं २६**

वातावरणमैत्री स्थानिय शासनको अवधारणा अनुसार नगरपालिकालाई वातावरण मैत्री बनाउन एक घर एक रुख अभियान संचालन गरि सोहि अनुसार कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं २७**

थाहा नगरपालिकालाई पर्यटकिय क्षेत्रको रुपमा सुचिकृत गराउनको लागि पर्यटन मन्त्रलायसंग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं २८**

थाहा नगरपालिकाको भवन निर्माण तथा नक्सा पास कार्यविधि, २०७३ तथा पुराना भवनहरुको नक्सा प्रमाणिकरण तथा अभिलेखिकरण कार्यविधि, २०७३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं २९**

फोहोरमैला व्यवस्थापनको लागि नगरको उपयुक्त जग्गाको छनौट चालु आ.व.भित्र सम्पन्न गरि ल्याण्ड फिल्डसाइट निर्माणको प्राविधिक सहयोगको लागि फोहोरमैला व्यवस्थापन केन्द्र र आर्थिक सहयोगको लागि संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो । साथै अस्थायी रुपमा फोहोर व्यवस्थापनको लागि ऐलानी सार्वजनिक जग्गाहरुको खोजी गर्ने तथा सो सम्भव नभएमा जग्गा लिजमा लिई अस्थायी फोहोरमैला व्यवस्थापनको कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ३०**

गत आर्थिक वर्षमा संचालन भै जाँचपास तथा फरफारक भएका योजनाहरु नगरपरिषद् बैठकमा अनुमोदनको लागि पेश भए अनुसार जाँचपास तथा फरफारकलाई अनुमोदन गरियो ।

**निर्णय नं ३१**

नगरपालिका कार्यालयबाट परिषद्को बैठकमा पेश गरिएको गत आर्थिक वर्षमा सम्पन्न भएका योजनाहरुको वार्षिक प्रगति समिक्षा प्रतिवेदनलाई छलफल सहित अनुमोदन गरियो ।

**निर्णय नं ३२**

संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र थाहा नगरपालिकाका कार्यकारी अधिकृतबीच भएको कार्यसम्पादन सम्झौताको छलफल गरि सो सम्झौतामा उल्लेख भएका सूचकहरु कार्यन्वयनको लागि सम्पूर्ण राजनैतिक दल, वडा नागरिक मंच, विभिन्न संघ संस्थासंग समन्वय एवं सहकार्य गर्दै आगामी २ वर्ष भित्र सूचकहरुको पूर्ण कार्यान्वयनको लागि नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ३३**

यस नगरपालिकाको स्थायी दरवन्दीमा कार्यरत कर्मचारीको तलव भत्ता नेपाल सरकारले वृद्धि गरे अनुसार समायोजन गर्ने र करार सेवामा कार्यरत देहाय बमोजिमको कर्मचारीहरुको तलब भत्ता मिति २०७३/०४/०५ मा बसेको नगरपालिका बोर्ड बैठकको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै २०७३ माघ महिनादेखि करार सेवा नियुक्ति भएका कर्मचारीहरुको पोशाक भत्ता र महङ्गी भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | कर्मचारीको नाम/थर | दर्जा | मासिक तलब | मंहगी भत्ता | स्थायी/अस्थायी/करार |
|---|---|---|---|---|---|
| १. | नवराज रोकाय | स.ई सिभिल | २३५००।- | १०००।- | करार |
| २. | सुरजकुमार भुजेल | कम्प्युटर अपरेटर | २३५००।- | १०००।- | करार |
| ३. | शक्ती कुमार रायमाझी | हे.स.चालक | १९८६२।- | १०००।- | करार |
| ४. | बिनोद कार्की | का.स. | १००००।- | १०००।- | करार |
| ५. | तारा बहादुर थापा | का.स. | १००००।- | १०००।- | करार |
| ६. | लोक बहादुर श्रेष्ठ | का.स. | १००००।- | १०००।- | करार |
| ७. | बिन्दु कुमार श्रेष्ठ | का.स. | १००००।- | १०००।- | करार |
| ८. | नानीमैया देउला | स्वीपर | ५०००।- | - | करार |
| ९. | सन्त वहादुर देउला | स्वीपर | ५०००।- | - | करार |

**निर्णय नं ३४**

नगरपालिकाको आगामी आ.व.को वार्षिक खरिद योजना पेश भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३५**

थाहा नगरपालिकाको आ.व. २०७३।०७४ को वार्षिक कार्यसंचालन तालिका देहाय अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यहरु | समय तालिका | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन तथा अनुशिक्षण | २०७३ कार्तिक मसान्त भित्र | |
| २ | भवन निर्माण ठेक्का तथा सम्झौता | २०७३ कार्तिक मसान्त भित्र | |
| ३ | योजनाको सर्भेक्षण | २०७३ कार्तिक देखि मंशिर | |
| ४ | उपभोक्ता समिति संग सम्झौता तथा योजना कार्यन्वयन | २०७३ कार्तिक देखि मंशिर | |
| ५ | योजना तथा आयोजना संचालन | २०७३,मंशिर देखि जेष्ठ मसान्त | |

| | | | |
|---|---|---|---|
| ६ | योजना तथा आयोजना सम्पन्न | २०७३, जेष्ठ मसान्त भित्र | |
| ७ | योजना तथा आयोजनाको जाँचपास तथा फरफारक | २०७३, असार मसान्त भित्र | |
| ८ | आगामी आर्थिक वर्ष २०७४।०७५ को लागि कार्यक्रम तथा बजेट तर्जुमा परिषद्बाट | २०७३,पौष मसान्त भित्र | |

**निर्णय नं ३६**

यस थाहा नगरपालिका कार्यालयले प्रवाह गर्नु पर्ने सेवाको गुणस्तर कायम राख्न विकास निर्माण कार्यहरुको कार्यान्वयनको लागि कार्यालयमा मौजुदा रहेको जनशक्तिले नपुग हुने भै वाह्य व्यक्तिलाई छोटो अवधिको लागि सेवा करारमा लिई कार्य गराउन नगरपालिका बोर्ड बैठकलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं ३७**

सहरी शुसान र प्रवर्द्धनको लागि थाहा नगरपालिकाले तयार गरेको कर्मचारी तथा पदाधिकारी सम्बन्धी आचार संहिता, २०७३ स्वकिृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३८**

थाहा नगरपालिकामा कार्यरत कर्मचारीहरुले सम्पादन गर्ने काम र सेवा प्रवाहमा गुणस्तर ल्याई कर्मचारीहरुलाई जिम्मेवार तथा उत्तरदायी बनाउनको लागि तयारी गरिएको प्रत्येक शाखा तथा पदसंग सम्बन्धित कार्यविवरण, २०७३ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३९**

थाहा नगरपालिकामा कार्यालयमा (स्थानीय निकाय) स्थायी दरवन्दी तथा करारमा कार्यरत कर्मचारीहरुको जिवन सुरक्षाको लागि नियमानुसार जिवन विमा गर्ने कार्यको प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं ४०**

थाहा नगरपालिका क्षेत्र भित्रका सडक र घर नम्वर प्रणालीलाई व्यवस्थित वनाउन चालु आर्थिक वर्षबाटै केही वडाहरुमा वैज्ञानिक घर नम्वर प्रणालीको सुरुवात गर्ने निर्णय गरियो ।

**निर्णय नं ४१**

थाहा नगरपालिका क्षेत्र भित्र पर्यटक आकर्षित गर्न तथा नगरपालिकाले प्रभाव गर्ने सूचनालाई प्रविधि मैत्री वनाउनको लागि फ्रि वाईफाई जोन वनाउनको लागि सम्वन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं ४२**

चालु आर्थिक वर्षबाट नै सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली वैंकिग प्रणाली मार्फत वितरण प्रक्रिया सुरु भएको हुँदा सो लाई व्यवस्थि गर्ने र नेपाल सरकारले उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा भत्तामा जेष्ठ नागरिक तर्फ बाट ९५ वर्ष उमेर पुरा भएका जेष्ठ नागरिकलाई स्थानीय निकायको तर्फबाट मासिक थप रु. २००।०० उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ४३**
भुकम्प पछिको पुन: निर्माण कार्यमा निजि आवास निर्माणमा नक्सापास व्यवस्थालाई अनिवार्य गर्दै राष्ट्रिय पुन: निर्माण प्राधिकरणले तय गरेको घरको नमुना घर अनुसार निजी आवास निर्माण गर्नेलाई नगरपालिकाले नक्सा पास प्रक्रियामा लिने दस्तुरमा ५० प्रतिशत र नमुना वाहेको निजी आवास निर्माण गर्नेकोको हकमा आगामी २ वर्ष सम्मको लागि मात्र २५ प्रतिशत छुट दिने निर्णय गरियो ।

**निर्णय नं ४४**
नगरको बजेट तथा आन्तरिक आयले नपुग भएका तर साना लागानीले सम्पन्न हुन सक्ने सडक तथा खानेपानीको योजनाको हकमा नगरपालिकाको मर्मत संभार शिर्षक बाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं ४५**
नगरपालिकामा स्थापना भएका विभिन्न कोषहरुको परिचालनको लागि विनियामली वनाई खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं ४६**
२०७२ को विनासकारी भूकम्पपछिको पुर्ननिर्माणलाई सघाउ पुऱ्याउन वडास्तरीय सामुदायिक पुर्ननिर्माण समिति गठन गरी पुर्ननिर्माण कार्यलाई थप तिब्रता दिने निर्णय गरियो ।

**निर्णय नं ४७**
वडास्तरबाट p1 मा प्रथमिकिकरण गरी प्राप्त भएका नगरक्षेत्र पुर्वाधार विकास योजनाहरुलाई आगामी आ.व.मा प्राथमिकता दिइ कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४८**
नगरपालिकाले हरेक वर्षको जेष्ठ महिनाको **दोस्रो हप्ता** (९ गते देखि १५ गते सम्म) गणतन्त्र दिवस ) लाई सरसफाई सप्ताहको रुपमा घोषणा गरि सफा सहर कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४९**
थाहा नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तथा ऐलानी जग्गाहरुको लगत यसै वर्ष संकलन गरि सो जग्गाहरुमा कानुनि प्रक्रिया पुरा गरि पर्यटन प्रवर्द्धन सम्बन्धि पुर्वाधारहरुको विकास गर्ने निर्णय गरियो ।

**निर्णय नं ५०**
नेपाल सरकारले चालु आ.व.को वार्षिक बजेट निति तथा कार्यक्रममा समेत यस नगरलाई १४ वटा पहिचान सहितको सहरहरु मध्ये पर्यटकीय शहरको रुपमा विकास गर्ने घोषणा गरे अनुसार केन्द्र, जिल्लामा सोहि अनुसार बजेट व्यवस्थापनको लागि विशेष पहल गर्ने निर्णय गरियो ।


**निर्णय नं ५१**

**थाहा नगरपालिकाको देहाय बमोजिमको संगठन संरचना अनुमोदन गर्ने निर्णय गरियो ।**

थाहा नगरपालिका कार्यालय

मकवापनुर

नगपालिकाको संगठन संरचना




**निर्णय नं. ५२**

**नगरपालिकाको संयोजनमा उपभोक्ता हित प्रवद्धनका विभिन्न मितिमा भएको बजार अनुगमन तथा मास पसल अनुगमनको प्रतिवेदन परिषद् वैठकमा पेश भए बमोजिम आवश्यक छलफल सहित अनुमोदन गर्ने निर्णय गरियो ।**

**निर्णय न. ५३**

**वडा स्तरबाट प्राथमिकिकरण भै आएका तर वडागत भौतिक पुर्वाधार बजेट ले नपुग भएका योजनाहरुको हकमा सडक वोर्ड नेपालबाट प्राप्त हुने बजेट बाट कार्यान्वयन गर्न प्राथमिकता दिने निर्णय गरियो ।**

**निर्णय नं ५४**

**कुल आन्तरिक आयको कम्तीमा तिन प्रतिशत रकम मर्मत संभार कोषमा जम्मा गर्ने निर्णय गरियो ।**

**निर्णय नं ५५**

**मर्मत संभार कोषबाट कार्यक्रम तर्जुमा गरि सम्पन्न पुर्वाधारको आयोजनाहरको मर्मत सम्भार गर्ने निर्णय गरियो ।**

**निर्णय नं ५६**

थाहा नगरपालिकामा गाभिएका साविक गाविस तथा नगरपालिका स्थापना भए पश्चात खरिद भएका जिन्सी सामग्रीहरुको एकिकृत लगत तयार गर्न तथा वार्षिक रुपमा जिन्सी निरीक्षण गर्न को लागि देहाय अनुसार जिन्सी निरीक्षण अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

*संयोजक : भिम बहादुर परियार , प्रमुख एवं कार्यकारी अधिकृत*
*सदस्य : अनिल लामिछाने, प्रशासन शाखा प्रमुख*
*सदस्य सचिव : सुदर्शन पहेली, जिन्सी शाखा प्रमुख*

**निर्णय नं ५७**

थाहा नगर पालिका तथा अन्य निकायहरुबाट संचालन हुने योजना तथा कार्यक्रमहरुको अनुगमन मूल्याकन गर्नका लागि देहाय अनुसार अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

*संयोजक : कार्यकारी अधिकृत*
*सदस्य : योजना तथा सहरी विकास शाखा प्रमुख वा प्राविधिक १ जना*
*सदस्य : नगर स्थित विषयगत कार्यालयको प्रमुख १ जना*
*सदस्य : प्रशासन शाखा प्रमुख*
*सदस्यहरु :नगर स्थित राजनैतिक संयन्त्रको पादाधिकरीहरु*
*वडा नागरिक मंचका संयोजक : २ जना १ जना महिला अनिवार्य*
*उद्योग वाणिज्य संघको प्रतिनिधि : १ जना*
*नागरिक सचेतना केन्द्रका महिला प्रतिनिधि : १ जना*
*सदसस्य सचिव : योजना सहायक*

**निर्णय नं ५८**

थाहा नगर पालिका तथा अन्य निकायहरुबाट संचालन हुने योजना तथा कार्यक्रमहरुको जाँचपास तथा फरफारक गर्नका लागि देहाय अनुसार जाँचपास तथा फरफारक समिति गठन गर्ने निर्णय गरियो ।

*संयोजक : कार्यकारी अधिकृत*
*सदस्य : योजना तथा शहरी विकस शाखा प्रमुख*
*सदस्य : प्रशासन शाखा प्रमुख*
*सदस्य : लेखा प्रमुख*
*सदस्य सचिव : योजना सहायक*

**निर्णय नं ५९**

थाहा नगरपालिका तथा अन्य निकायहरुबाट बजेटबाट वार्षिक रुपमा जिन्सी सामनहरुको खरिद कार्यको लागि देहाय अनुसार खरिद ईकाई समिति गठन गर्ने निर्णय गरियो ।

*संयोजक : कार्यकारी अधिकृत*
*सदस्य : लेखा ,शाखा प्रमुख*
*सदस्य : खरिद ईकाई शाखा प्रमुख*

**निर्णय नं ६०**

वि.सं. २०७२ साल वैशाख १२ र २९ गतेको विनासकारी भूकम्पबाट क्षति पुग्न गइ खानेपानी समस्या रहेको ठाउँमा उललेखित शीर्षकमा आएको बजेटको कार्यान्वयनको लागि प्रभावित क्षेत्रको अनुगमन गरी बजेट विनियोजन गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं ६१**

ढल निकास सम्बन्धमा वडाबाट माग भई आएका योजनालाई खानेपानी तथा सरसफाई डिभिजन कार्यालयमा पहल गर्ने ।

**निर्णय नं ६२**

खानेपानी पाइपको माग भई आएको ठाउँमा तथा अन्य संवेदनशील ठाउँको निरीक्षण गरी वडा नागरिक मञ्चको संयोजक तथा सदस्यको सहयोग र सुझावमा खानेपानी तथा सरसफाई समितिको सिफारिसमा प्रभावित क्षेत्रमा तुरुन्त पाइप वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ६३**

थाहा नगरपालिका क्षेत्र भित्रपर्ने प्रतिघर एक धारा निर्माण गर्ने नीति अघि सार्ने तथा थाहा नगरपालिका क्षेत्र भित्रको प्रत्येक वस्ति तथा घरले यस नगर क्षेत्र भित्रको खानेपानीको स्रोतको उपभोग गर्न पाउने निर्णय गरियो । साथै आगामी आर्थिक वर्षबाट केही वडाहरुमा खानेपानीको मिटर जडान गरि शुल्कमा आधारित खानेपानी वितरण प्रणालीको अवलम्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६४**

कृषि क्षेत्र प्रवद्धनको लागि सरकारी तथा गैर सरकारी कार्यालयहरुको सहकार्यमा निम्न बमोजिमका कार्यक्रमहरु संचालन गर्न पहल गर्ने निर्णय गरियो ।

*क) कृषि तालिम (उद्दमशिलता बिकास ) ।*

*ख) स्प्रिङकल सिचाँई तथा प्लास्टिक पोखरी निर्माण ।*

*ग) जैविक खेती बिकास र कृषक पाठशाला १ ओटा नमुना तयार गर्ने ।*

*घ) **कि.बि.खेती** : कम्तिमा ५० बोट लगाउदा बिरुवा ५० प्रतिशत अनुदानको ब्यवस्थापन गर्ने जसमा थाग्रा ब्यवस्थापनको समेत कार्यक्रम राख्ने ।*

*ङ) ओखर बिरुवा बितरण ।*

*च) पशु नश्ल सुधारमा अनुदानको ब्यवस्था १५ वटै वडामा ।*

*छ) खेती योग्य जमिनमा घर निर्माणामा निरुत्साही (भु–उपयोगी निती अवलम्बन) ।*

*ज) बन्द रहेको प्राविधिक शिक्षालय संचालन गरी कृषि तथा पशु प्राबिधिक उत्पादन गर्ने ।*

*झ) सहकारी खेती बिस्तार कार्यक्रम ।*

*ञ) गुणस्तरीय बिउ आलुको स्रोत केन्द्रको बिकास तथा गुणस्तरीय आलु उत्पादन बढाउने कार्य ।*

*ट) कृषि उपज संकलन केन्द्र ब्यवस्थापन स्थापना र बाहिरी बजारसंग पहुँच बढाउने ।*

*ठ) अगुवा कृषक अवोलोकन भ्रमण ।*

*ड) लिफट सिँचाई नमुना प्रदर्शन ।*

*ढ) प्लाष्टिक टनेलमा बेमौसमी तरकारी खेती बिस्तार कार्यक्रम*

*ण) ट्राउट माछा उत्पादन कार्यक्रम ।*

*त) बाली बिमा कार्यक्रम बढाउन जनचेतना मुलक कार्यक्रम र सम्बन्धित कार्यलयहरु संग सहकार्य ।*

*थ) गोठ सुधार कार्यक्रम ।*

*द) एक घर एक बगैचा कार्यक्रम ।*

*ध) शीतभण्डार निर्माण ।*

*न) चौरी, भेडा पालन (सिमभञ्ज्याङ्ग)*

*प) माछा पालन कार्यक्रम प्रर्वद्धन ।*

*फ) वागवानी फार्म को जग्गा ब्यवस्थापन।*

*ब) कृषि जन्य बिभिन्न उद्योगका लागी प्रोत्साहन गर्ने ।*

*भ) सिँचाई व्यवस्थापनका भौतिक पुर्वाधार निर्माण गर्ने ।*

*म) एक वडा एक प्राबिधिक तथा प्राङ्गारीक गाउँको बिकास गर्ने ।*

**निर्णय नं ६५**

प्राथमिक स्वास्थ्य केन्द्र पालुङलाई आर्थिक वर्ष २०७३/०७४ भित्र १५ शैय्याको अस्पतालमा स्तर वृद्धि गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । साथै उक्त स्वास्थ्य केन्द्रको भवन निर्माणको लागि यसै वर्षबाट कार्य प्रारम्भ गर्नका लागि स्वास्थ्य केन्द्रको आफ्नै स्वामित्वमा जग्गा ल्याउनको लागि सम्वन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं ६६**

थाहा नगरपालिका भित्र रहेको तीनवटा स्वास्थ्य संस्थामा खोपलाई सुरक्षित गर्न गुणस्तरीय सेवा प्रदान गर्न निर्मलिकरण गर्नुपर्ने भएकोले ३ वटा संस्था मध्ये पालुङ स्वास्थ्य चौकी र बज्रवाराही स्वास्थ्य चौकीमा कुनै पनि आम्दानीको स्रोत नभएकोले प्राथमिक स्वास्थ्य केन्द्र पालुङमा हुने आम्दानीले पनि प्रयाप्त नहुने कारण आवश्यक विद्युत महशुल भुक्तानीको लागि स्वास्थ्य सेवा विभागमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं ६७**

स्वास्थ्य संस्थाबाट निस्कने फोहारहरु मानव स्वास्थ्यका लागि ज्यादै हानीकारक हुने हुनाले समयमै उचित व्यवस्थापनको लागि थाहा नगरपालिका भित्र रहेको स्वास्थ्य संस्थाहरुमा एक/एक ओटा इन्सीनिरेटर उपलब्ध गराउनका लागि पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं ६८**

थाहा नगरपालिका वडा नंबर ११ मा रहेको गाउँघर क्लिनीक वैशाख १२ को भूकम्पले भत्किीएकोले सेवा संचालन गर्न कठिनाइ भइरहेको हुँदा उक्त भवन निर्माण गर्नका लागि पहल गर्ने निर्णय गरियो

**निर्णय नं ६९**

थाहा नगरपालिका वडा नं १३ मा निर्माण गर्न डिपिआर तयार भएको बालमैत्री फन पार्क निर्माणको लागि नगरपालिका को आफ्नै श्रोतले सम्भवन नहुने हुदा,जिल्ला स्थित गैरसरकारी संस्थाहरु प्लान नेपाल, सामुदायिक विकास केन्द्र नेपाल, टियरफण्ड, इसीमोड र अन्य गैर सरकारी संस्था तथा निजी कम्पनीहरु संग पलह गर्ने निर्णय गरियो ।

**निर्णय नं ७०**

थाहा नगरपालिका अन्तर्गतका वडाहरुमा सेवारत् महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई उपलब्ध गराउँदै आएको यातायात तथा खाजा खर्च वापतको रकममा ५०० यथावत कायम गर्ने र बजेटको परीधि हेरी आगामी आर्थिक वर्षमा वृद्धि गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं ७१**

विपद्का हिसाबले जोखिम रहेको थाहा नगरमा पूर्व तयारीका लागि आवश्यक औषधि खरिदका लागि तीनवटा स्वास्थ्य केन्द्रका लागि कोष खडा गर्न पहल गर्ने ।

**निर्णय नं ७२**

प्राथमिक स्वास्थ्य केन्द्रका लागि ३०० एमएको एक्सरे मेशिन खरिदका लागि पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं ७३**

थाहा नगरपालिकाको प्रमुख पर्यटकीय पहिचानको रुपमा रहेको दामनको भ्यू टावरलाई यसै आर्थिक वर्षमा नगरपालिकाको मातहतमा ल्याउन पहल गर्ने र विनासकारी भूकम्पले त्यस भ्यू टावरमा परेको क्षतिको विवरण निकाली सो भ्यू टावरको आधुननिकीकरण पुर्ननिर्माण र पुनः संचालन गर्न भूकम्पपछि गठनभएको पुर्ननिर्माण प्राधिकरण समक्ष पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं ७४**

थाहा नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरुलाई यस नगरपालिका मातहतमा ल्याउने र त्यस्ता जग्गाहरु तथा पर्यटन विकासका लागि संभावित सामुदायिक वन क्षेत्रका जग्गाहरु पर्यटन प्रवर्द्धन गर्नका लागि उपयोग गर्न कानुनी प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ७५**

थाहा नगरपालिका काठमाण्डौबाट नजिक रहेको र पर्यटनको समेत प्रचुर र संभावना बढेको हुँदा थाहा नगरपालिकालाई स्याटेलाईट सिटिको रुपमा विकास गर्ने निर्णय गरियो ।

**निर्णय नं ७६**

थाहा नगर उद्योग वाणिज्य संघ सहकार्य र समन्वय गरी व्यवशायीहरुलाई करको दायरामा ल्याउन यथासक्य छिटो उद्योग वाणिज्य संघ र नगरपालिकाको समन्वयमा नगरपालिका क्षेत्रको विभिन्न स्थानहरुमा कर शिविर संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७७**

लक्षित वर्गको बजेटबाट ६० प्रतिशत भौतिक पूर्वाधार र ४० प्रतिशत कार्यक्रममा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं ७८**

लक्षित वर्गको बजेट आयआर्जन क्षमता विकास र लघु उद्यम क्षेत्रमा योजना छनौट गर्न प्राथमिकता दिने ।

**निर्णय नं ७९**

आगामी २ वर्ष भित्र थाहा नगरपालिकालाई कुनै पनि सामाजिक भेदभाव तथा जातिय छुवाछुत मुक्त नगर घोषणाको लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं ८०**

थाहा नगरपालिकाले सम्पादन गर्ने विभिन्न कानुनी तथा नितिगत निर्णणहरुमा सहजता ल्याउनको लागि आंशिक पारिश्रमिक दिने गरि १ जना कानुनी सल्लाहाकार नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं ८१**

यस थाहा नगरपालिका संयूक्त वडा सेवा केन्द्र पालुङ, दामन र बज्रवाराहीमा दैनिक प्रशासन सम्बन्धी कार्य बोझ बढ्दै गएको र कर्मचारीको अभाव समेत भएकाले रिक्त दरबन्दी पूरा गरी थप संयूक्त वडा कार्यालय विस्तार गर्ने निर्णय गरियो ।

**निर्णय नं ८२**

थाहा नगरपालिकाको भवन निर्माण भएको जग्गालाई नगरको स्वामित्वमा ल्याउन यसै आर्थिक वर्षबाट विशेष पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं ८३**

चालु आर्थिक वर्षबाट नगरपालिकाको MCPM कार्य प्रारम्भ भएको हुँदा, आगामि वर्षदेखि नगरपालिकाको MCPM को प्रत्येक सूचकहरु सम्बन्धीत फाँटहरुबाट हेरी तयारी रहने र सबैभन्दा बढि अंक प्राप्त गर्ने फाँटलाई पुरस्कार र कम अंग प्राप्त गर्ने फाँटलाई कार्बाही गर्ने निर्णय गरियो ।

**निर्णय नं ८४**

थाहा नगरपालिकामा संचालित गैर सरकारी संस्थाहरुले अनिवार्य रुपमा नगरपालिकामा कार्यक्रम तथा बजेट पेश गरी चौमासिक खर्च सार्वजनिक गर्ने र यसरी बजेट र कार्यक्रम पेश नगर्ने गैर सरकारी संस्थाहरुको कुनैपनि कार्यक्रममा नगरपालिका सहभागि नहुने ।

**निर्णय नं ८५**
थाहा नगरपालिका बज्रबाराही क्षेत्रमा सुरक्षा संवेदनशिलता लाई मध्य नगर गर्दै प्रहरी चौकी स्थापनाको लागि केन्द्रमा विशेष पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं ८६**
चालु आर्थिक वर्षबाट  नगरको सवै वडाहरुमा टोल विकास संस्था गठन तथा परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८७**
आर्थिक वर्ष २०७३।०७४ को लागि देहायको विद्यामा देहाको शिर्षकमा पुरस्कृत गर्ने निर्णय गरियो ।

- *कृषि तर्फ १ जना : श्री माधव प्रसाद सुवेदी*
- *सवैभन्दा वढि कर तिर्ने कर दता : श्री प्रल्हाद विष्ट*
- *महिला स्वास्थ्य स्वंयम सेविका : श्री सरिता गुरुङ*
- *थाहा नगरको उत्कृष्ट कर्मचारी : श्री तारा वहादुर थापा*

**निर्णय नं ८८**
थाहा नगरपालिकामा कार्यारत विभिन्न सामुदायमा आधारित संस्था,गैर सरकारी संस्था तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था संग नगरपालिकामा समन्वयको लागि १ वटा स्थानीय गैर सरकारी संस्था तोक्ने निर्णय गरियो ।

**निर्णय नं ८९**
कृषि पकेट क्षेत्रको घोषणाको लागि नेपाल सरकार संग अनुरोध गर्ने साथै विस्तारित हुने थाहा नगरपालिका क्षेत्रमा आन्तरिक आय वृद्धिको लागि विभिन्न प्राकृतिक श्रोत साधन तथा राजस्वका क्षेत्रहरुको पहिचानको लागि सम्भाव्यता अध्ययन का साथै पर्यटकिय क्षेत्रहरको पहिचन सहित प्रवद्धनमा साझेदारी निति अवलम्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९०**
साविक थाहा नगरपालिका र प्रस्तावित थाहा नगरपालिकाको क्षेत्रहरुमा आवासीय,पर्यटकिय,औधोगिक तथा कृषि उत्पदन क्षेत्रको पहिचान सहित वैज्ञानिक भू-उपयोग निति यसै आर्थिक वर्षबाट लागू गर्न पहल गर्ने निर्णय गरियो ।